गाउँ कार्यपालिकाको बैठक  औ

मिति २०८२/०५/०९

समयः विहान ७:०० बजे

आज मिती २०८२/०५/०९ गते यस टेम्केमैयुङगाँउपालिकाका अध्यक्ष श्री सरोज वस्नेतको अध्यक्षतामाबसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताब माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थीती</u>

| | |
|---|---|
| श्री सरोज वस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री बाल बहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री अदित दाहाल | प्रमुख प्रशासकीय अधिकृत |

श्री गंगा वहादुर तामाङ                 का.वा. वडा अध्यक्ष वडा नं. ८

बैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखा शाखा प्रमुख श्री अर्जुनजंग बस्नेत

शिक्षा अधिकृत श्री राजन ढकाल

प्राविधिक श्री जितेन्द्र अधिकारी

योजना शाखा श्री लिला प्रसाद पराजुली

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।

२. ढुङ्गा, गिटी, बालुवा ठेक्का सम्वन्धमा।

३. बृहत सांस्कृतिक संग्राहलय पार्क निर्माण तथा सांस्कृतिक अध्ययन केन्द्र निर्माणको लागि जग्गा सम्वन्धमा।

४. स्वास्थ्य चौकी भवन माग सम्वन्धमा

५ जिन्सी निरीक्षण प्रतिवेदन सम्वन्धमा ।

६. बहुवर्षे ठेक्का सम्बन्धमा।

७. अस्थायी प्रहरी चौकी स्थापना सम्वन्धमा।

८. सडक मर्मत सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।
अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो ।

निर्णय नं. २. ढुङ्गा, गिटी, बालुवा ठेक्का सम्बन्धमा।
टेम्केमैयुङ गाउँपालिकाको राजश्व परामर्श समितिको वैठकको सिफारीस वमोजिम यस गाउँपालिका अन्तर्गत रहेका खोला तथा खोल्साहरुवाट ढुंगा, गिट्टी, बालुवा संकलन तथा विक्रि वितरण गर्नका लागि रकम रु १५ लाख लागत अनुमान तयार गरी ठेक्का मार्फत संचालन गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. बृहत सांस्कृतिक संग्रहालय पार्क निर्माण तथा संस्कृति अध्ययन केन्द्र निर्माणको लागि जग्गा सम्बन्धमा।
यस गाउँपाललिका अन्तर्गत साविक अन्नपूर्ण गाविस वडा नं. ८ हाल टेम्केमैयुङ गाउँपालिका वडा नं. ४ नागी चखेवामा रहेको कि.नं. २१ को ५६ रोपनी सार्वजनिक जग्गामा सम्बन्धित वडाको सिफारिस बमोजिम सोही जग्गामा उक्त संग्रहालय तथा संस्कृति अध्ययन केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. स्वास्थ्य चौकी भवन माग सम्बन्धमा।
यस गाउँपालिका अन्तर्गत वडा नं. १ तिम्मामा खम्बुखा स्वास्थ्य चौकीको भवन नभएको कारणले सेवाग्राहीलाई सेवा प्रवाह र प्रसुती गराउन ज्यादै कठिनाई भएको र हाल सम्म कुनै पनि निकायवाट योजना तथा बजेट नपरेकोले वर्थिङ सेन्टर सहित मापदण्ड अनुसारको स्वास्थ्य भवन निर्माण गर्ने कार्यका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग पत्र पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ जिन्सी निरीक्षण प्रतिवेदन सम्वन्धमा ।
आ व २०८१/८२ को टेम्केमैयुङ गाउँपालिकाको कार्यालयमा रहेका जिन्सी सामानहरुका विषयमा गठित जिन्सी निरीक्षण समितिले पेश गरेको प्रतिवेदन उपर छलफल भै उक्त प्रतिवेदनलाई सर्वसम्मतबाट अनुमोदन गरियो ।

निर्णय नं. ६. बहुवर्षे ठेक्का खुलाउने सम्बन्धमा।

यस गाउँपालिकामा आ.व. २०८२/०८३ मा संघीय समपुरक अनुदान अन्तर्गत नागी जिरो पोइन्टदेखि खावा पिङडाँडा भोर्नागी हुँदै पाँचधारे सडक कालोपत्रे शिर्षकमा विनियोजन भएको बजेटबाट उक्त सडक खण्ड मध्ये नागी पाङ्तेखा देखि चोलन्ती सडक खण्ड कालोपत्रे निर्माण कार्यको लागि बहुवर्षे ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. अस्थायी प्रहरी चौकी स्थापना सम्बन्धमा।

यस गाउँपालिका अन्तर्गत वडा नं. १ तिम्माको भुगोल अन्य वडाहरुको तुलनामा ठुलो र जनसंख्या बढी तथा अधिकांश भुभाग अति दुर्गम भएको हुँदा सहज रुपमा शान्ति सुव्यवस्थालाई चुस्तदुरुस्त कायम गरी जनतालाई सुरक्षाको प्रत्याभुति दिलाउनको लागि उक्त वडामा अस्थायी प्रहरी चौकी अति आवश्यक भएको हुँदा सम्बन्धित वडाको सिफारिस बमोजिम उक्त वडामा अस्थायी प्रहरी चौकी स्थापनाको लागि जिल्ला सुरक्षा समिति मार्फत गृह मन्त्रालय समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८. सडक मर्मत सम्बन्धमा।

क. यस गाउँपालिकाको अन्नपूर्ण देखि छिनामखुको वडा कार्यालयसम्म जाने सडक वर्षाको समयमा आएको अभिरल वर्षातको कारण क्षति भएको हुँदा उक्त सडक मर्मत कार्यको लागि प्राविविधिकबाट लागत अनुमान तयार गरी कार्यान्वयन प्रकृया अगाडी बढाई मूल्याङ्कन बमोजिम विपद् व्यवस्थापन कोषबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

ख. यस गाउँपालिका अन्तर्गत वडा नं. ४ नागी चखेवामा रहेको पर्यटन सूचना केन्द्र भवनको उत्तर पूर्व पट्टीको भु-भागमा पहिरो गई सूचना केन्द्रको भवनमा असर पर्ने सस्भावना भएको हुँदा प्राविधिक लागत अनुमान बमोजिम गाउँपालिकाबाट स्रोत सुनिश्चितता गरी भवन संरक्षण कार्य अघी बढाउने निर्णय गरियो ।